नेपालगंज उप-महानगरपालिकाको **(कार्यपालिकाबाट स्वीकृत मिति २०७८/१२/१७)**

# बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

## परिच्छेद- एक

## प्रस्तावना र परिभाषा

१. प्रस्तावना : बालमैत्री स्थानीय शासन नेपालगञ्ज उपमहानगरपालिकामा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकिय अवधारणा हो। यस अवधारणामा बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागितालाई मुख्य आधारको रुपमा लइिएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्वन्धी ऐन, २०७५, नेपालगञ्ज उपमहानगरपालिकाको बालबालिका सम्वन्धी ऐन, २०७७, मुलुकी देवानी संहिता ऐन, २०७४, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६,तथा बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका रणनीति, २०७८, बाल अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि(CRC)१९८९, र पन्ध्रौ योजना लगायतका कानूनी नीति तथा कार्यक्रमहरुमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न विभिन्न व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बाल मैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी नगरपालिकालाई दिएको छ । उक्त ऐन अनुसार बालमैत्री स्थानीय तह घोषणा गर्ने जिम्मेवारी पूरा गर्नु पर्ने आवश्यकता महसुस गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालगञ्ज उपमहानगरपालिकाले यो स्थानीय बालमैत्री शासन कार्यान्वयन निर्देशिका २०७८, तयारी गरी जारी गरेको छ।

२. परिभाषाः
बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा
(१) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्दछ ।
(२) "स्थानीय शासन" भन्नाले स्वायत्त शासनको अवधारणा अनुरुप नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय तहका प्रतिनिधि मार्फत संचालन गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।
(३) "बालमैत्री शासन" भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्बोत्तम हित, सर्वांगीन विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनुपर्दछ ।
(४) "बालमैत्री स्थानिय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल बिकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना,प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।
(५) "सामुदायक संस्था" भन्नाले जनचेतना सम्बन्धि तालिम, अभिमुखीकरण,सीप बिकास,बचत,कर्जा परिचालन,समाबेशी बिकास र सशक्तिकरण गर्ने उधेश्यले निश्चित प्रक्रिया अबलम्बन गरी प्रचलित कानून

बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचिकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

(६) “स्थानीय तह“ भन्नाले नेपालगञ्ज उपमहा नगरपालिका र बाँके जिल्ला समन्वय समितिलाई सम्झनुपर्दछ ।

(७) “उपमहा नगरपालिका“ भन्नाले नेपालगञ्ज उपमहानगरपालिका लाई सम्झनुपर्दछ

(८) ’गैर सरकारी संस्था भन्नाले यस रणनीतिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम बालबालिकाको क्षेत्रमा कार्य गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनुपर्दछ ।

(९) “बालमैत्री उपमहानगरपालिका“ भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै यस निर्देशिका बमोजिम  आफैले आवधिक र बार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरी न्युनतम सूचकहरू सुनिश्चित गरी सम्बन्धित नगर सभा बाट बालमैत्री उपमहानगरपालिका भनि घोषणा गरिएको नेपालगञ्ज उपमहानगरपालिका लाई सम्झनु पर्दछ ।

(१०) “बालामैत्री वडा“ भन्नाले यस निर्देशिका बमोजिम सूचक पुरा  गरिएको  घोषणा गरिएको वडालाई सम्झनुपर्दछ ।

(११) “बालमैत्री कार्यक्रम“ भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भै बाल अधिकार प्रबर्धन गर्न सरकारी,गैर सरकारी,निजी, सहकारी तथा सामुदायिक क्षेत्र र साझेदारीमा संचालन हुने कार्यक्रमहरु सम्झनुपर्दछ ।

(१२)“बिकास साझेदार“ भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ राष्ट्र तथा बहुपक्षीय दातृ निकायहरु एवं संयुक्त राष्ट्रसंघीय निकायहरुलाई सम्झनुपर्दछ । साथै सो शब्दले विश्वव्याी कोष समेतलाई जनाउनेछ।

(१३) “बाल क्लब“ भन्नाले बाल समुह, बाल क्लब, बाल मंच लगायतका बालबालिकाका समुह तथा तिनका संजालहरु समेत सम्झनुपर्दछ ।

(१४) “बालमैत्री  स्थानीय शासन कार्यान्वयन निर्देशिका“ भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका  २०७८ सम्झनुपर्दछ ।

१५) प्रदेश सम्पर्क मन्त्रालय भन्नाले लुम्विनी प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

१६) संघीय सम्पर्क मन्त्रालय भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई सम्झनु पर्दछ।

३. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको औचित्यः

स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल अधिकार सुनिश्चित भएको स्थानीय तह निमार्णमा सहयोग पुर्‍याउन यो कार्यान्वयन निर्देशिका तर्जुमा गरिएको छ । शासकिय प्रणाली र सेवा प्राहमा बालबालिकाका सवालहरुलाई सम्बोधन हुने गरी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरु बीच एकरुपता ल्याउन र सामञ्जस्यता कायम गर्न तर्जुमा गरिएको यस कार्यान्वयन निर्देशिकाको औचित्य देहाय बमोजिम रहेको छ ।

१) नेपालगञ्ज उपमहानगरपालिकाको आवधिक योजना तथा बार्षिक विकास योजना र कार्यक्रममा बालबालिकाका आवश्यकता र सवाललाई प्राथमिकता दिन,

२) संघ, प्रदेश र स्थानीय तहका बालबालिका सम्बन्धी नीति र कार्यक्रमबीच सामञ्जस्यता कायम गर्न,

३) स्थानीय तहमा निमार्ण हुने पूर्वाधार संरचनालाई बालबालिकाको सुविधा अनुकुल बनाउन,
४) विपद तथा जोखिम युक्त समयमा सञ्चालन हुने क्रियाकलापमा बालबालिकालाई पाथमिकतामा राख्न,
५) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकासमा सहयोग पुर्‍याउन,
६) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुबीच समन्वय र सहकार्य गर्दै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा आर्थिक तथा प्राविधिक सहयोग जुटाउन,
७) नेपालको संविधान तथा राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धता बमोजिम बालबालिकाको आवश्यकता अनुसारको सेवाको सुनिश्चितता गर्न,

## परिच्छेद -२

## नीतिगत तथा कानुनी ब्यवस्था ।

### ४. कानूनी र नीतिगत व्यवस्थाहरु

बाल अधिकार सुनिश्चित हुने गरी सरकारी तथा गैह्रसरकारी निकायबाट प्रवाह गरिने सेवा निमार्ण गरिने पुर्वाधार र संरचनालाई बालबालिकाको हित वा आवश्यकता अनुकुल हुने गरी तयार गर्न वा सरकारी संरचनालाई जवाफदेही पूर्ण बनाउन देहाय बमोजिमको कानूनी र नीतिगत व्यवस्था रहेको छ।

**क)नेपालको संविधान**

नेपालको संविधानमा मौलिक हक अन्तर्गत समानताका् हक बालबालिकाको हक र सामाजिक सुरक्षाको हकमा बालबालिका सम्वनधी देहाय बमोजिमको प्रावधान रहेको छ।

(१) समानताको हक (धारा २२)राज्यले नागरिकहरुका बीचमा कुनै भेदभाव नगर्ने तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछ्डिएका बालबालिका लगायतका नागरिकको संरक्षण। सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान समानताको हकमा रहेको छ ।

(२) बालबालिकाको हक (धारा ३९): मा देहाय बमोजिमका प्रावधान रहेका छन् ।

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण,उचित स्याहार,खेलकूद,मनोरन्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(घ) कुनै पनि बालबालिकालाई कलकारखाना,खानी,वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(ङ) कुनै पनि बालबालिकालाई बाल विवाह,गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(च) कुनै पनि बालबालिकालाई सेना,प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनैपनि माध्यम वा प्रकारले दुर्व्यवहार,उपेक्षा वा शारिरीक,मानसिक,यौनजन्य वा अन्य कुनै प्रकारको सोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(छ) कुनै पनि बालबालिकालाई घर,बिधयालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक,मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाईने छैन ।

(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(झ) असहाय,अनाथ,अपांगता भएका,द्वन्द्‌पीडित,व्यवस्थापित एव जोखिममा रहेका बालबालिकालाई राज्यबाट बिशेस संरक्षण र सुविधा पाउने हक हुने छ ।
(ञ) बुदा (घ),( ङ),(च) र (छ)विपरितका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पिडकबाट कानून बमोजिम क्षतीपूर्ति पाउने हक हुनेछ ।
(३) सामाजिक सुरक्षाको हक (धारा ४३): बालबालिकालाई कानूनी बमोजिम सुरक्षाको हक हुने प्रावधान रहेको छ।
राज्यका नीतिहरु (धारा ४३): श्रम तथा रोजगार नीति (झ)(३)मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति लिएको छ। सामाजिक न्याय र समावेशिकरण सम्वन्धी नीति(ञ) (४)मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मुल्यांकन गर्ने नीति रहेको छ। साथै (ञ)(५)मा बालबालिकाको सर्वोतम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति रहेको छ।

**ख) स्थानीय सरकार सन्चालन ऐन, २०७४:**

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था स्थानीय तहलाई जिम्मेवार बनाउने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न प्रावधानहरु गरिएका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न कानूनी वेवस्था गरेको छ । ऐनको दफा (११) (ज) ले प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनैपचरिक शिक्षा सम्बन्धित नीति कानून,मापदण्ड,योजनाको निर्माण कार्यन्वयन र नियम गर्न जिम्मेवारी सम्बन्धित गाउँ । नगरपालिकालाई दिइएको छ । शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,आधारभुत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र बाचनालायको संचालन तथा व्यवस्थापन,माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियम गर्ने कार्य समेत उप-महानगरपालिकाको कार्य क्षेत्र भित्र पर्दछ। यस्तै ऐनको दफा (११) (झ) ले आधारभुत स्वास्थ र सरसफाइ सम्बन्धी नीति,कानून,मापदण्ड,योजेनको निर्माण,कार्यनयन र नियमन, आधारभूत स्वास्थ सेवाको संचालन र प्रवर्द्धन,स्वस्थ खानेपान, तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य मैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।
ऐनको दफा (१२) (२) (१) (ग) ले बालमैत्री स्थानीय शासन प्रबर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ नगरपालिकाका वडालाई दिइएको छ । बाल उद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन,पुस्तकालय,वाचनालय,सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसंजालको संचालन र व्यवस्थापन वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि., पोलियो,भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको संचालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको संचालन, प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता,अधावधिक तथा सो को अभिलेख संरक्षण,व्यतिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम समेत वडाको जिम्मेवारीमा रहेका छन् । यस्तै महिला बिरुद्धको हिंसा, छुवाछुत, दाइजो/दहेज, हलिया प्रथा, छाउपडी,कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्न, गराउने,सडक बालबालिकाको उद्धार पुनस्थापना गर्न गराउने, प्रंगिरिक कृषि,सुरक्षित

मातृत्व,विद्यार्थी भर्ना ,पूर्ण खोप ,खुला दिशाममुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने,गराउने जिम्मेवारी वडाको हुने प्रावधान रहेको छ।

उप-महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरको विकासका लागि आवधिक,वार्षिक, रणनीतिगत विकास क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकुल हुने गरी गर्नु पर्ने र सबै प्रकृयामा बालबालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावश गर्नु पर्ने व्यवस्था समेत ऐनले गरेको छ।

**ग) बालबालिका सम्बन्धी ऐन, २०७५**

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले,बाबु नभए आमाले र आमा पनि नभए परिवारको अन्य सदस्यले आफ्नो धर्म,संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्ने र बालकको बाबु,आमा वा परिवार कुनै सदस्य जिवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था बालबालिका सम्वन्धी ऐन, २०७५ ले गरेको छ। यसै गरी यस ऐनमा बाबु,आमाले आफ्नो परिवारको आर्थिक आवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका आतिरिक्त निजको शिक्षा,स्वास्थोपचार, खेलकुद तथा मनोरंजनको सुबिधाहरुको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ ।

उक्त ऐनले बालबालिकाको बाँच्न पाउने अधिकार। नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, गोपनियताको अधिकार, अपांगता भएका बालबालिकाको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकूद मनोरञ्जन तथा साँस्कृतिक अधिकार र शिक्षाको अधिकारलाई बालबालिकाको अधिकारको रुपमा सुनिश्चित गरेको छ। यसै गरी बालबालिकासँग सम्वन्धित विषय हेर्न बाल अदालतको गठन गर्ने व्यवस्था रहेको छ।बाल अधिकारलाई सुनिश्चित गर्न सहयोग पुर्‍याउन केन्द्रिय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिको व्यवस्था समेत रहेको छ। प्रदेश तथा स्थानीय तहमा बाल अधिकारको विषयलाई संस्थागत गर्न राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश तथा स्थानीय तहको बाल अधिकार समितिको व्यवस्था समेत रहेको छ।

**घ) मुलुकी देवानी संहिता ऐन, २०७४**

प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्विकार गर्नुपर्ने, कानूनको दृष्टिमा समान हुने, समान कानूनको प्रयोगमा भेदभाव गर्न नपाइने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नपाईने, प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिको रुपमा मान्यता पाउने, प्रत्येक व्यक्तिले जन्मनासाथ नाम र थरको अधिकार हुने, आमा बाबुबाट मातृत्व र पितृत्वको निर्धारण हुने, कृतिम गर्भाधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, दम्पतिले छोराछोरीको जन्मदर्ता गर्नुपर्ने, प्रत्येक नाबालकको आमाबाबुले हेरचाह र स्याहार संभार गर्नुपेर्न, सम्वन्ध विच्छेद भएका दम्पतिको छोछोरीको अधिकार कायमै रहने, नाबालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने, अशक्त छोराछोरीलाई विशेष हेरचाह गर्नु पर्ने, नाबालकको संरक्षक नभए माथवर हुने, बालबालिकाको सर्वोतम हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नु पर्ने व्यवस्था ऐनमा रहेको छ।

**ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६**

कसैले पनि बालकलाई ललाई, फाकाई वा भुक्याएर वा कुनै प्रलोभन वा डर,त्रास वा दबावमा परि वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुदैन भन्ने व्यहोरा बालश्रम ( निषेध र नियमित) ऐन,२०५६ मा रहेको छ । यसै गरी यस ऐनमा बालकलाई काममा लगाउदा दिनमा ६ घण्टा र एक हप्तामा ३६ घण्टा भन्दा बढी अत्तिरिक परिश्रमिक दिइ वा नदिई काममा लगाउन नहुने, प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान पारिश्रमिक र सुविधा दिनुपर्ने र व्यवस्थापकले काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बधी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

### च) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बाल अधिकार महासन्धि १९८९ ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नु गैर विभेदीकरण ( धारा २), सर्वोतम हित (धारा ३) सर्वाङ्गीण विकास (धारा ६) र विचारको सम्मान (धारा १२) को सिद्धान्तलाई अवलम्वन गरेको छ । चौवन्न वटा धारा रहेको यस महासन्धिमा धारा १ देखि ४० विभिन्न सिद्धान्त अवलम्वन गरेको छ। धारा४२ मा राष्ट्रिय वा अन्तराष्ट्रिय व्यवस्था मध्ये उत्कृष्ठलाई कार्यान्वयन गर्न पाउने स्वतन्त्रता दिएको छ। धारा ४२ मा बाल अधिकारको विषयमा राज्यले बालबालिका र अभिभावकलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। धारा ४३ देखि ५४ सम्म बाल अधिकारको कार्यान्वयन अनुगमन, मुल्यांकन तथा प्रतिवेदनको व्यवस्था गरिएको छ।

### छ) पन्ध्रौ योजना (२०७६/७७ - २०८१/८२)

पन्ध्रौ योजना (२०७६/७७-२०८१/८२)मा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोंचमा आधारित रहि बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिंसा दुर्व्यवहार शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रर्वद्धन गरी राष्ट्र निमार्ण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने शारीरिक, मानसिक लगायत सबै प्रकारका हिंसा, भेदभाव,दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उदेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्यूदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकासमा पहुँच, बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र सम्वर्द्धन गर्ने, विभिन्न माद्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागि हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँच युक्त पुर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने विद्यमान बालगृहको संस्थागत आवाशीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौ योजनामा उल्लेख गरिएको छ।

### ज) दिगो विकास लक्ष्यहरु

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्य नै दिगो विकासका लक्ष्यहरु हुन। जसमा १७ वटा मूल लक्ष्य तथा १६९ वटा परिमाणात्मक लक्ष्यहरु तोकिएका छन् । दिगो विकासका कूल १७ वटा लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ११, १६, १७ गरी १० वटा लक्ष्यहरु

बालबालिका र महिलासँग सम्वन्धित रहेका छन्। जस मध्ये लक्ष्य नं. ४ सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य नं. ५: लैंगिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तिकरण गर्ने, लक्ष्य नं. ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने, लक्ष्य नं. ९: बलियो पुर्वाधार निमार्ण गर्ने र दिगो औद्योगिकिकरणको प्रवर्द्धन गर्ने, लक्ष्य नं. ११: नगरहरु र मानव वस्तिहरुलाई समावेशी, सुरक्षित र दिगो बनाउने, लक्ष्य नं. १६: समावेशी समाजको प्रवर्द्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने र लक्ष्य नं. १७: कार्यान्वयन प्रक्रिया मजवुत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने लक्ष्यहरु बालबालिकाको सर्वांगिण विकासका लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने, पूर्वाधार विकास गर्ने, निर्मित पुर्वाधार दिगो बनाउने र सरकारी र गैर सरकारी तथा निजी क्षेत्र र विकास साझेदारहरुको संलग्नतामा लक्ष्य पूरा गर्ने विषय रहेका छन्।

सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्विकृत भईसकेको छ । राज्यको पुनसंरचना पश्चात आधारभूत तथा माध्यामिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपुर्ति र सरसफाई, कृषि, आधारभूत पुर्वाधारहरु, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनका विषयहरु स्थानीय तहको क्षेत्राधिकारका विषय बनेका छन्। जुन विषयहरु दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्।

**झ). अन्य प्रयासहरु**

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासहरु मध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरु देहाय बमोजिम रहेका छन् :

(१) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि (CEDAW),१९७९ लाई नेपालले अनुमोदन ।

(२) सशत्र द्वन्दमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यवृति र अश्लील चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को पक्ष राष्ट्र

(३) दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि,२००२ को पक्ष राष्ट्र ।

(४) वेश्यावृतिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२ को पक्ष राष्ट्र ।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा ।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर ।

(७) शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ तथा जनसंख्या, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयज, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जस्ता विषयगत मन्त्रालायले बालबालिकाका सवालहरुलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको ।

(८) सरकारी तथा गैरसरकारी निकायसंगको समन्वयमा स्थानीय तहले बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम संचालन गर्दै आएको ।

## परिच्छेद -३

## बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

## ५.निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरु अवलम्वन गरिनेछः

(१) गैर विभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिंग, उमेर समुह, उत्पति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, परिवारिक हैसियत, स्वाथ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा ती मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन।

(२) बालबालिकाको सर्वोतम हित

शासन सञ्चालनका हरेक पक्षमा बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखिने छ। सरकारी तथा गैर सरकारी क्षेत्रबाट हुने सेवा प्रवाह, विकास क्रियाकलाप तथा समाज र घर परिवारले गर्ने व्यवहारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने छ।

(३) बालबालिकाको सर्वांगीण विकास

बालबालिकाको बाँच्न पाउने अधिकार र उनीहरुको सर्वांगीण विकासको सुनिश्चितता गर्न हरेक बालबालिका जन्मेपछि नामाकरण र जन्म दर्ताको अधिकार, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार हेरचाह र पालन पोषणको अधिकार, स्वास्थ्य उपचारको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद मनोरञ्जन एवं साँस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिने छ।

(४) बालबालिकाको सहभागिता र विचारको सम्मान

स्थानीय तहका बालबालिकासँग सम्वन्धित निकायहरुमा बालबालिकाहरुको परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिने छ ।

(५) सन्निकटताको सिद्धान्त

बालबालिकाको सवांगीण विकासको लागि आवश्यक पर्ने आवश्यक सेवा वा सुविधाहरु बालबालिकाको नजिकमा रहेको सरकारी तथा गैरसरकारी क्षेत्रबाट सन्निकटताको सिद्धान्तमा आधारित भई प्रवाह गर्ने व्यवस्था गरिनेछ।

(६) समावेशीकरणको सिद्धान्त

सबै वर्ग,क्षेत्र, लिंग र क्षमताका बालबालिकालाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरुमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुने छ। यस उप-महानगरपालिकाको स्थानीय शासन र विकास सम्बन्धि गतिविधिमा समोशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

(७) समुदायमा आधारित विकासको सिद्धान्त

समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा बालमैधी स्थानीय शासन प्रक्रियाको सञ्चालन हुने र यस कार्यान्वयन निर्देशिकामा आधारित भई आवश्यक अन्य व्यवस्था स्थानीय तहले मिलाउने व्यवस्था गरिने छ।

## परिच्छेद- ४

## बालमैत्री स्थानीय शासनको .रणनीतिक व्यवस्था

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई सफल बनाउन बालअधिकार सुनिश्चित हुने गरी यस उप-महानगरपालिकाको नीति, योजना, कार्यक्रम, कार्य प्रक्रिया र संरचनामा बालबालिकाका सवालहरुलाई मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता रहेको छ । यस सन्दर्भमा निर्देशिकाको सोच, लक्ष्य,उदेश्य र कार्यान्वयन रणनीति देहायय बमोजिम तय गरिएको छ।

### ६ सोच

सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बाल अधिकारको सुनिश्चितता ।

### ७. लक्ष्य

वि.सं. २०८३ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने

### ८ः उद्देश्य

(१) उप-महानगरपालिकाको आवधिक तथा बार्षिक योजनामा बालअधिकारका सवालहरुलाई प्राथमिकता दिनु,

(२) बालबालिकाको समुचित विकासका लागि आवश्यक पर्ने सबै सेवा सुविधाहरुमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,

(३) उप-महानगरपालिकामा बालबालिकासँग सम्वन्धीत नीति, योजना र कानून तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउनु,

(४) उप-महानगरपालिकामा निमार्ण हुने सबै भौतिक पुर्वाधारहरु बालमैत्री बनाउनु

(५) बालबालिकाको हित विरुद्ध हुने सबै प्रकारका हिंसाहरुको उन्मूलन गर्नु

### ९.रणनीति तथा कार्यनीति

बालमैत्री स्थानीय शासनको उदेश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ। रणनीति र कार्यनीति अनुसारका जिम्मेवारीको विस्तृत व्याख्या अनुसूची १ मा गरिएको छ।

| क.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | मुलप्रवाहीकरण | (१) बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिनेछ । (२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षीत उपलब्धि हासिल भय नभएको सम्बन्धमा परिक्षणको विधि - नमुना तथ्यांक संकलन, विषयगत शाखाको सेवा प्रवाह विवरण वा तथ्यांक, घरदैलो सोधपुछ, अनुगमन इत्यादि) अवलम्बन गर्ने । |
| २ | नीतिगत वकालत पैरबी र सचेतना | (१) उप-महानगरपालिकाका नीति निर्माण एव विकास प्रयासमा बालबालिकाको हक हितलाई स्थापित गराउन नीतिगत वकालत गरिनेछ। (२) बालमैत्री स्थनीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न यसै निर्देशिका बमोजिम आवश्यक कार्यविधि समेत निमार्ण गरी कार्यन्वयन एंव अनुगमन मूल्यांकन गर्ने गराईनेछ । (३) विद्यमान कानूनलाई बालमैत्री अनूकुल हुनेगरी संशोधन गर्ने सघाउ पुर्याइनेछ । (४) उप-महानगरपालिकाको विपद् व्यवस्थापन योजनामा बालबालिकाको आवश्यकता र चासोलाई समावेश गरिनेछ। साथै संरक्षण विषयगत क्षेत्र समन्वय समिति मार्फत समेत बालबालिकालाई विपद तथा जोखिम संरक्षण गरिने छ। (५) बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रम संचालनको लागि केन्द्रीय, प्रान्तीय तथा स्थानीयस्थरबाट लगानीको वातावरण तयार गरिनेछ । (६) स्थानीय, प्रादेशिक, राष्ट्रीय एव अन्तर्राष्ट्रिय विकास मन्चहरुमा बालमैत्री शासनको अवधारणालाई स्थापित गर्न पहल गरिनेछ । (६) राष्ट्रीय तथा अन्तर्राष्ट्रियस्तरमा भएका बालबालिका सम्वन्धि महासन्धि, अभिसन्धि, प्रतिवद्धता, सम्झौता, कानून एव नीतिगत प्रावधानहरुको सम्प्रेषण गरिने छ। |
| ३ | संस्थागत विकास | (१) बालमैत्री स्थानीय शासन पद्धतीको विकासका सन्दर्भमा उपमहा नगरपालिका र तिनका वडाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला समन्वय समितीसँग नीतिगत र संस्थागत समन्वय र सहयोगको भूमिका निर्वाह गर्ने प्रणालीको विकास को लागि पहल गरिने छ । (२) समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गरिनेछ । (३)बालमैत्री स्थनीय शासन समुदाय, वडा,उप-महानगरपालिका तहका समितीहरुको संस्थागत क्षमता विकास गरिनेछ । (४) बालमैत्री स्थनीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रको शासकीय इकाइहरुमा बालमैत्री संगठनिक व्यवस्था मिलाइनेछ। (५) बाल क्लबको सूचिकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरुको |

| | | |
|---|---|---|
| | | क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरुलाई प्रकाशनमा ल्याइनेछ।<br>(६) स्थानीयस्तरमा स्थापना भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापान समिति, उप-महानगरपालिका/वडास्तरिय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरुको बीचमा सामन्जस्यता कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि पहल गरिने छ ।<br>(७) समुदायमा आधारित बाल संरक्षण प्रणाली एव संस्थाहरुको स्थापना गरी यस प्रक्रियामा आबद्ध गरिने छ ।<br>(८)बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ । |
| ४ | क्षमता विकास | (१) विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गरिनेछ ।<br>(२) नेपालगञ्ज उप-महानगरपालिकाको योजना प्रकियामा बालमैत्री स्थानीय शासनको सूचक प्राप्तिमा सहयोग गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा (Children First) संचालन गरिने छ।<br>(३) तालिम, गोष्ठि, अवलोकन एवं अनुभव आदान प्रदान तथा अध्ययन अनुसन्धान जस्ता कियाकलापको मध्यमबाट बालबालिका तथा बालमैत्री स्थानीय शासनसँग सम्वन्धीत निकायका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।<br>(४) यस स्थानीय तहमा विज्ञ, स्रोत व्यक्ति एवम् प्रशिक्षकहरुको सूचि तयारी तथा परिचालन गरिनेछ।<br>(५) स्थानीय भाषाहरुमा समेत प्रशिक्षण सामग्री तयार गरिनेछ।<br>(६) यस नेपालगञ्ज उप-महानगरपालिकामा बालमैत्री स्थानीय शासन श्रोतकेन्द्र स्थापना गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ । |
| ५ | सहकार्य र साझेदारी प्रवर्द्धन | (१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यन्वयन तथा अनुगमन र मूल्यांकन स्थानीय बिकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याईनेछ<br>(२) बालमैत्री स्थानीय शासनको सन्दर्भका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम सम्वन्धित स्थानीय तहको नेतृत्वमा कार्यान्वयन गरिनेछ।<br>(३) विभिन्न साझेदारको सक्षमता र कार्यपद्दतिको अनुसरण गर्ने |
| ६ | सामुदायिक परिचालन | (१) बालअधिकारको विषयलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार समुदाय स्तरमा समूह निमार्ण तथा परिचालन गरिने छ। |

| | | |
|---|---|---|
| | | (२)समुदायस्तरका संस्थाको क्षमता विकासका लागि बिशेष कार्यक्रम संचालन गर्ने ।<br>(३) बाल अधिकारको क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका संस्था तथा समूहलाई परिचालन गरिनेछ ।<br>(४) सामाजिक सचेतना तथा सामाजिक कुरीति तथा अन्धविश्वासका विरुद्धमा हुने अभियानमूलक कार्यक्रममा बालमैत्री स्थानीय शासनका विषयलाई समावेश गरिनेछ । |
| ७ | सामाजिक जवाफदेही र पारदर्शीता | (१) प्रदेश तथा स्थानीय तहलाई बालबालिकाको लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्ररित गरिने छ।<br>(२) बालबालिका सम्वन्धी योजनामा आवश्यक बजेट विनियोजन गरिने तथा विनियोजित बजेटको लेखाजोखा गर्ने संयन्त्र निमार्ण गरिनेछ।<br>(३) बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक समय सापेक्ष नीति, निर्देशिका, कार्यविधि तथा आचारसंहिता तर्जुमा र कार्यान्वयन गरी सार्वजनिक जवाफदेहिता पुरा गरिने छ।<br>(४) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित कार्यक्रम तथा परिचालन हुने स्रोतको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण जस्ता विधिहरुको अवलम्वन गरिनेछ। |
| ८ | समतामुलक कार्यक्रम | (१) सबै वर्ग क्षेत्र लिंग र समुदायका साथै अशक्त, असहाय, अपांगता भएका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको आवश्यकता सम्बोधन हुने गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ।<br>(२) बालमैत्री स्थानीय शासन संरचनामा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदायका बालबालिकाहरुको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिने छ। |
| ९ | सूचना, शिक्षा र सञ्चारको माद्यमबाट व्यवहार परिर्वतन | (१) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालबालिकाप्रति समान धारणा बनाउन र उनीहरुको अधिकार र हित प्रतिको संवेदनशिलतामा सहयोग पुर्‍याउने श्रव्य दृश्य सामग्री उत्पादन एवंम प्रचार प्रसार गरिनेछ।<br>(२) विद्यालय स्तरको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गराइनेछ।<br>(३) बालमैत्री स्थानीय शासनको अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल जस्ता |

| | | |
|---|---|---|
| | | प्रिन्ट तथा ईलेक्ट्रोनिक सञ्चार माद्यमहरुको उपयोग गरिने छ।<br>(४) बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरुको वेबसाइटमा बालमैत्री स्थानीय शासनका उपयोगी सामग्री राखी प्रचारप्रसार गरिनेछ। |
| १० | अनुगमन तथा मूल्यांकन | (१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम सूचकका बारेमा सरोकारवालालाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभाकरिता र नतिजा अनुगमन गरिनेछ।<br>(२) स्थानीय तहहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गर्ने<br>(३) सरकारी तथा गैरसरकारी निकायबाट सम्पादित कामको अनुगमन तथा मुल्यांकन गर्दा बालमैत्री स्थानीय शासन सम्वन्धी सूचकहरुको समेत समावेश गर्ने व्यवस्था मिलाइनेछ।<br>(४) बालमैत्री स्थानीय शासनको क्षेत्रमा उत्कृष्ट काम गर्ने बाल समूह, सामुदायिक संस्था, वडा, उप-महानगरपालिका, विकास साझेदार संस्था र व्यक्तिलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ । |

## १०. बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया

बालमैत्री स्थानीय शासन कार्यान्वयनका प्रक्रिया देहाय बमोजिम हुनेछन ।

(क) पुर्व तयारी चरण :

(१) कार्यपालिकाबाट उप-महानगरपालिकालाई बालमैत्री शासन कार्यान्वयन गर्न निर्णय गर्ने,

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी नगरस्तरिय समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने,

(३) कार्यपालिका र बालमैत्री स्थानीय शासन नगरस्तरिय समितिबाट लिखित प्रतिबद्धता,

(४) बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्वन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई उप-महानगरपालिकामा बालबालिकाको अवस्था सम्वन्धी वस्तुगत विवरण (प्रोफाइल) तयार गर्ने र प्रकाशन गर्ने,

(५) बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने,

(६) बामैत्री स्थानीय सूचक कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/ निर्देशिका र आचारसंहिता तर्जुमा गर्ने ।

(ख) तयारी चरण :

(१) उप-महानगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रवन्ध ( सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने ।

**(२) बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने वडाहरु छनौट गर्ने ।**

(३) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायबाट बालमैत्री शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने

(४) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि योजना तयार गर्ने,

(५) बालकोष संचालन कार्यविधि स्विकृत, बालकोष स्थापना र संचालन  गर्ने

(६) बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने वडामा आवश्यकता अनुसार बालक्लव, बाल सञ्जाल, टोल विकास संस्था /समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने

ग) नीति तथा  योजना तर्जुमाको र कार्यान्वयनको चरण

(१) लगानी योजनामा आधारित भई बालमैत्री स्थनीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको तयारी गर्ने,

(२)  छनौट भएका क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने

(३) साझेदार र सरोकारवालाहरुको सञ्जाल निमार्ण, समन्वय र सहकार्य गर्ने,

(४) स्वीकृत बार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(५) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

घ) अनुगमन मुल्यांकन तथा प्रतिवेदन चरण

(१) वडा समिति, नगरस्तरिय समितिबाट सूचक पुरा भएको  अवस्थामा सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र समिक्षा गरी प्रतिवेदन तयारी गर्ने

(२) बालमैत्री स्थानीय शासनका  सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकिकरण गर्ने,

(३) बालमैत्री घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने,

४)  वडा/ उप-महानगरपालिका बाट सूचक पुरा भएको प्रमाणिकरण गर्ने

(५) बालमैत्री स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने,

ङ) बालमैत्री वडा /उप-महा नगरपालिका घोषणा र  दिगोपना चरण :

(१) बालमैत्री वडा /उप-महा नगरपालिका घोषणा पश्चातको रणनीति योजना तर्जुमा गर्ने,

(२) बालमैत्री/वडा घोषणा गर्न नगरस्तरिय समितिको निर्णयबाट र उप-महा नगरपालिका घोषणाको गर्न नगर सभाबाट निणर्य गर्ने

(३) बालमैत्री वडा/उप-महा नगरपालिका घोषणा गर्ने

(४) बालमैत्री वडा/उप-महा नगरपालिका घोषणा पश्चातको रणनितिक योजना कार्यान्वयन गर्नेः

५) बार्षिक प्रतिवेदन तयारी र प्रकाशन गर्ने

(६) बालमैत्री स्थानीय शासनका सूचकहरुको दिगोपनाको सुनिश्चितता

## परिच्छेद-५

## बालमैत्री स्थनीय शासनको मुल्यांकन, विस्तार र श्रोत व्यवस्था

### ११.स्थानीय तहको मूल्यांकन

उप-महानगरपालिकाले प्रत्येक वर्ष बालमैत्री स्थानीय शासनका सूचकहरुको आधारमा आफ्नो यस उप-महानगरपालिका र वडालाई मूल्यांकन गर्नु पर्ने छ। यसरी गरिएको मुल्यांकनको आधारमा यस निर्देशिका बमोजिम तटस्थ वा अवलम्वन वा उन्मुख वा बालमैत्री वडा /स्थानीय तहको रुपमा अवस्था उल्लेख गरी प्रतिवेदन समेत सार्वजनिक गर्नु पर्नेछ।

१२. बालमैत्री स्थनीय शासन पद्दति अवलम्वन र विस्तार

बालमैत्री स्थनीय शासनको प्रवर्द्धनबाट प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ तर्जुमा गरियको यस रणनीतिमा समावेश गरिएका न्यूनतम सूचकहरु प्राप्तिमा यस पद्दतिमा विस्तारको महत्वपूर्ण भूमिका रहनेछ ।यसलै यस पद्दतिको विकास गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

१३.बालमैत्री स्थानीय शासनमा सरोकारवाला निकायको भूमिका

बालमैत्री स्थानीय शासन कार्यान्वयनको मुख्य जिम्मेवारी नेपालगञ्ज उप-महानगरपालिका र सम्वन्धीत वडा कार्यालयको रहने छ। जिल्ला समन्वय समिति, प्रदेश सरकार र अन्तरगतका निकायहरु तथा संघीय सरकारका निकायहरुले नेपालगञ्ज उप-महानगरपालिकाको कार्यकमलाई प्रभावकारी बनाउन अनुगमन गरी पृष्ठपोषण दिन सक्नेछन्। यस्ता निकायको भूमिका अनुसूचि –२ मा राखिएको छ।

१५.वित्तीय श्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक पर्ने बजेट यस नेपालगञ्ज उप-महानगरपालिकाले आफ्नो बार्षिक बजेटबाट व्यवस्थापन गर्ने छ। नेपाल सरकारले तथा प्रदेश सरकारले यस उप-महानगरपालिकाको स्थानीय बालमैत्री शासनको प्रवर्द्धन गर्न सशर्त अनुदान उपलब्ध गराउन सक्नेछ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सहयोग पुर्याउन विषयगत मन्त्रालय, विकास साझेदार तथा गैरसरकारी संस्थाहरुलाई परिचालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने छ।

१५) उपलब्धी मापनका न्यूनतम सूचकहरु

बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था मापनका लागि ५१ वटा सूचकहरु रहेका छन् नेपालगञ्ज उप- उपमहानगरपालिकाले अनुसूची ३ बमोजिमका सूचकहरुमा नतिजा प्राप्त गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ। सूचकमा प्राप्त नतिजाका आधारमा वडा तथा उप-महानगरपालिकालाई बालमैत्री घोषणा गरिनेछ ।

## परिच्छेद -६

## बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था

### १६. बालमैत्री स्थानीय शासन उपमहानगरपालिका समिति

**क) गठन**

उप-महानगरपालिकास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन नगरस्तरिय समिति रहनेछ :

| | |
|---|---|
| १) नगर प्रमुख | अध्यक्ष |
| २) नगर उपप्रमुख | उपाध्यक्ष |
| ३) प्रमुख प्रशासकीय अधिकृत उप-महानगरपालिका | सदस्य |
| ४) वडा अध्यक्ष (सवै) | सदस्य |
| ५) नगर कार्यपालिका सदस्य, (सवै) | सदस्य |

६) महाशाखा/शाखा प्रमुखहरु (स्वास्थ, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैर सरकारी संस्था समन्वय ) सदस्य

७) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संघ संस्था मध्येबाट नगर प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि सदस्य

८) स्थानीय विद्यालय र स्वास्थ व्यवस्थापन समितिहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि सदस्य

९) उप- महानगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि सदस्य

१०) उप- महानगरपालिका स्तरीय बालक्लव सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तीमा १ जना बालिका समेत) सदस्य

११)महिला र बालबालिकाको कार्यमा काम गर्ने सामुदायिक संस्था वा समुहमध्ये नगर प्रमुखले तोकेको महिला प्रतिनिधि (१ जना) सदस्य

१२) उप महानगरपालिका क्षेत्रमा रहेका वडा प्रहरी कार्यालयका प्रमुख १ जना सदस्य

१३) नगरस्तरिय जेष्ठ नागरिक सञ्जाल अध्यक्ष १ जना सदस्य

१४) लैंगिक तथा यौनिक अल्पसंख्यकहरुमध्येबाट प्रतिनिधि १ जना सदस्य

१५) नगरस्तरिय अपांगता सञ्जाल अध्यक्ष १ जना सदस्य

१६) नगरस्तरिय किशोरी सञ्जाल अध्यक्ष १ जना सदस्य

१७)सामाजिक विकास महाशाखा प्रमुख सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**ख) काम, कर्तव्य र जिम्मेवारी**

१) बालमैत्री स्थानीय शासन सम्बन्धी उप-महानगरस्तरको नीति, रणनिति, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न र उप-महानगरपालिकालाई नितिगत पृष्ठपोषण गर्ने,

२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने,

३) बालमैत्री स्थानीय शासन पद्दतिको लागि पाश्वचित्र, लगानी योजना, बार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने,

४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि उप-महानगरपालिकाबाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

५) वडा तथा समुदाय स्तरमा रहेको समितिको भुमिका प्रभावकारी बनाउन सहयोग गर्ने,

६) बालक्लव तथा बालसञ्जाल गठन तथा परिचालनमा सहयोग गर्ने,,

७) स्थानिय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् गैर सरकारी संघसंस्थाबीच आवश्यक समन्वय गर्ने गराउने,

८) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मुल्याङ्कन गर्ने, गराउने ।

१७. बालमैत्री स्थानीय शासन वडा समिति

क) गठन

वडा स्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

१) वडा अध्यक्ष अध्यक्ष

२) वडा समितिको सदस्य (सबै) सदस्य

३) वडामा रहको स्वास्थ्य संस्थाका प्रमुख सदस्य

४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधी (२) सदस्य

५) वडामा रहेका विद्यालय वा स्वास्थ व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) सदस्य

६) वडामा कार्यरत महिला स्वयंसेविका सदस्य

७) वडा स्तरीय बालक्लव सञ्जालका अध्यक्ष सहित २ जना -कम्तीमा १ जना बालिका) सदस्य

८) वडा सचिव सदस्य -सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ख) काम, कर्तव्य र जिम्मेवारी

१) बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको योजना तयार गर्न र यस पद्धतीको प्रर्वद्धन गर्न वडा समितिलाई सहयोग गर्ने ,

२) बालमैत्री स्थानीय शासन पद्धतीको प्रवर्द्धन गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने,

३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने ।

४) बालक्लव गठन तथा परिचालनमा सहयोग गर्ने,

५) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् सामाजिक संघ सस्था र समुह विच आवश्यक समन्वय गर्ने गराउने ।

६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने ।

१८. बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति

क) गठन

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदाय स्तरीय समिति गठन गर्न सकिनेछ :

१) वडा समितिले तोकेको वडा समितिको सदस्य अध्यक्ष

२) उप-महानगरपालिका/वडा समितिमा सुचिकृत भएका टोल विकास संस्था/सामुदायिक संस्था/आमा समुहका अध्यक्षहरु सदस्य

३) स्थनीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरु सदस्य

४) समुदायमा रहेका बाल क्लवका अध्यक्षहरु सदस्य

समितिको अध्यक्षले समितिका सदस्यहरु मध्येबाट एक जनालार्य सचिव तोक्न सक्नेछ ।

ख) समितिको काम, कर्तवय र जिम्मेवारी

१) बालमैत्री स्थानीय शासन सम्बन्धी बस्तीस्तरको योजना तयार गर्न सहयोग गर्ने,

२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रहरुको लागि आवश्यक पैरवी गर्ने,

३) बालअधिकारको प्रवर्द्धन हुने क्रियाकलाप तथा अभियानहरुमा सहयोग गर्ने,

४) समुदायस्तरमा बालक्लव र परिचालनमा सहयोग गर्ने ।

## परिच्छेद ७

## बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

### १९. बालमैत्री स्थानीय शासन पद्धतिको छनौट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि उप-महानगरपालिकाले आश्यक कार्यक्रम सञ्चालन गर्नेछ। बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडाको छनौट यस उप -महानगरपालिकाले गर्नेछ । जिल्ला समन्वय समिति सँग यस स्थानीय तहको बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि आवश्यक समन्वय गरिनेछ।

### २०. बालमैत्री स्थानीय शासननको अवलम्बन

नेपालगञ्ज उप-महानगरपालिकाले बालबालिको अर्थपुर्ण सहभागिता सुनिश्चित गरि बालमैत्री स्थानीय तह कार्यान्वयनका चरणमा उल्लेख भएका विषयहरुलाई क्रमशः कार्यान्वयन गरिनेछ। उप- महानगरपालिकाले बालमैत्री तह घोषणाको लागि तोकिएको सुचकहरुको नियमित अनुगमन तथा समिक्षा गरि प्रगति विवरण सार्वजनिक गर्नुपर्नेछ । बालमैत्री स्थानीय शासनका सुचकहरुलाई उप-महानगरपालिकाको नियमित प्रगती प्रतिवेदन तथा अनुगमन र समीक्षा गर्ने कार्यमा समावेश गर्नु पर्नेछ ।

## २१. बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री वडा र उप-महानगरपालिका घोषणाको लागि अनुसूची-३ उल्लेख भएका सुचकहरुको नतिजा प्राप्तीको आधारमा देहाय अनसार तटस्थ सूचक, अवलम्बन, घोषणा उन्मुख सूचक र बालमैत्री वडा/उप-महानगरपालिका(स्थानीय तह)को रुपमा वर्गिकरण गरिनेछ । तोकिएका सूचकमा ८० प्रतिशत भन्दा वढि अंक हासिल गरेको खण्डमा ँ बालमैत्री वडा/उप-महानरपालिका घोषणा गरिनेछ । बालमैत्री उप- महानगरपालिका घोषणा गर्नु अघि उप-महानगरालिकाले सुचक प्राप्तीको सुनिश्चिततताको लागि मुल्याङ्कनको प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ ।

| स्थानीय तहको बर्गीकरण | आधारभुत सूचक | घोषणाको स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८० %वा सो भन्दा बढी | वडा समितिको सिफारिसमा कार्यपालिकाको वैठक | ८० % वा सो भन्दा बढी |
| बालमैत्री उन्मुख वडा | ७० % देखि ७९ % सम्म | वडा प्रतिवेदनको आधारमा कार्यपालिका वैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय तह ( उप-महानगरपालिका) | ८० % वा सो भन्दा वढी | प्रदेश सरकार | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह (उप-महानगरपालिका) | ७० % देखि ७९ % सम्म | कार्यपालिकाको वैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थीाय तह (उप-महानगरपालिका) | ५० % देखि ६९ % सम्म | कार्यपालिकाको बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह (उप-महानगरपालिका) | ५० % भन्दा कम | - | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |

## २२. पुरस्कार र सम्मानको व्यवस्था

प्रदेश सरकार र उम-महानगरपालिकाबाट बालमैत्री स्थानीय तह घोषणा भएका वडा र उप-महानगरपालिकालाई सम्मान र पुरस्कार प्रदान गरिनेछ। साथै वडा तथा यस उप-महानगरपालिकामा थप दिगोपना सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ।

## २३. घोषणा पछिको अनुमगन सम्बन्धी व्यवस्था

बालमैत्री घोषणा पश्चात वडा/ उप-महानगरपालिको घोषणाको दिगोपनका लागि स्वीकृति दिने निकाय तथा मन्त्रालय, प्रदेश सरकार र अन्य सरोकारवाला निकायहरुबाट समय समयमा अनुगमन गर्न माग गर्न सकिनेछ। सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान भएमा सोही बमोजिम आगामी कार्यक्रम गरिनेछ ।

## परिच्छेद ८

## विविध

### २४. स्थानीय कार्यविधि बनाउन सक्ने

यस निर्देशिकालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन उप-महानगरपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ । साथै उप-महानगरपालिकाले बालमैत्री स्थानीय शासनका सूचकहरु पाप्तीमा सहयोग पुऱ्याउन यस निर्देशिको अधिनमा रही आन्तरिक कार्यविधि बनाउन सक्नेछन् ।

### २५.निर्देशिकाको व्याख्या

यस निर्देशिकाको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या तथा सहजीकरण नेपालगञ्ज उपमहानगरपालिकाको कार्यपालिकाले गर्नेछ ।

अनुसूची १

बालमैत्री स्थानीय शासन कार्यान्वयनको रणनितिक ढाँचा

(दफा ९ संग सम्बन्धीत)

| क्र.सं. | कार्यान्वयन रणनिति | कार्यनिति | कार्यजिम्मेवारी |
|---|---|---|---|
| १ | मुलप्रवाहीकरण | १) बालअधिकारको विषयलाई स्थानीय तहको नीति,योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिनेछ ।<br>२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए नभएको, अपेक्षित उपलब्धी हासिल भए नभएको सम्बन्धमा परिक्षणको विधि अवलम्बन गरिनेछ ।<br>३) बालमैत्री स्थानीय शासनको उपलब्धिको सम्बन्धमा वार्षिक रुपमा स्थिति पत्र तयार गर्ने र प्राप्त उपलब्धीलाई दिगो बनाउन आबश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ । | • बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• उप -महानगरपालिका र वडाहरु<br>• स्थानीय बालअधिकार समिति<br>• वडा बाल अधिकार समिति |
| २ | नीतिगत वकालत पैरवी र सचेतना | १)नेपाल सरकार, प्रदेश सरकार एवम् स्थानीय तहका निति निर्माण एवम् विकास प्रयासमा बालबालिकाको हक हितलाई स्थापित गराउन नीतिगत वकालत गरिनेछ ।<br>२)बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवम् अनुगमन, मूल्याङ्कन गर्ने, गराईनेछ ।<br>३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याईनेछ ।<br>४) गाउँपालिका तथा नगरपालिकाको विपद् व्यावस्थापन योजनामा बालबालिकाको आबश्यकता र चासोलाई समावेश गरिनेछ ।<br>५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीय स्तरबाट लगानीको बातावरण तयार गरिने छ ।<br>६) स्थानीय, प्रादेशिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विकास मन्चहरुमा बालमैत्री शासनको अवधारणालाई स्थापित गर्न पहल गरिनेछ ।<br>७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका बालबालिका सम्बन्धी महासन्धि, अभिसन्धि, प्रतिबद्धता, सौम्झौता, कानुन एवम् नीतिगत | • बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• उप-महानगरपालिका र वडाहरु<br>• जिल्ला समन्वय समिति<br>• नगरस्तरिय बालअधिकार समिति<br>• बालमैत्री स्थानीय शासन नगरस्तरिय समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था |

| | | | |
|---|---|---|---|
| | | प्रावधानहरुको सम्प्रेषण गरिनेछ । | |
| ३ | संस्थागत विकास | १) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा उप-महानगरपालिका र तिनका वडाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गरिनेछ ।<br>२) जिल्ला समन्वय समितिसँग नीतिगत र संस्थागत समन्वयकारी भूमिकाको लागि पहल गर्ने प्रणालीको विकास गरिनेछ ।<br>३) समुदाय स्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गरिनेछ ।<br>४) बालमैत्री स्थानीय शासन समुदाय, वडा, र उप-महानगरपालिका तहका समितिहरुको संस्थागत क्षमता विकास गरिनेछ ।<br>५) बालमैत्री स्थानीय शसनको प्रबर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय एकाईहरुमा बालमैत्री विषय हेर्ने साङ्गठीक संरचनाको व्यवस्था मिलाईनेछ ।<br>६) बालक्लवको सूचीकृत गर्ने, सञ्जाल निर्माण गर्ने र साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै वडा तथा उप-महानगरपालिकामा अनौपचारिक संयन्त्र निर्माण गरि बालबालिका सम्बन्धी सवालहरुलाई प्रकाशनमा ल्याईनेछ ।<br>७) स्थानीय स्तरमा स्थापना भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, नगर/वडा स्तरीय बाल सञ्जाल, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन जस्ता सामुदायिक संस्था र गैरसरकारी संस्था लगाएतका साझेदार निकायहरु बीचमा सामञ्जस्यता कायम गरी यस कार्यान्वयन निर्देशिकामा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि पहल गरिनेछ ।<br><br>८) समुदायमा आधारित बाल संरक्षण प्रणाली एवम् संस्थाहरुको स्थापना गरी यस प्रक्रियामा आबद्ध गरिनेछ ।<br>९) बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा संस्थागत बाल प्रतिनिधित्वको | • बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• जिल्ला बाल अधिकार समिति<br>• नगरस्तरिय बालअधिकार समिति<br>• बालमैत्री स्थानीय शासन नगरस्तरिय समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था<br>• सामुदायिक संस्था<br>• बालक्लव, बालक्लव सञ्जाल, महिला विकास समुह, समिति, निगरानी समुह |

| | | | |
|---|---|---|---|
| | | सुनिश्चित गरिनेछ । | |
| ४ | क्षमता विकास | १) विभिन्न तहका साझेदार र सहयोगी निकायहरुबीच कार्यगत सञ्जाल निर्माण गरिनेछ ।<br>२) बालमैत्री योजना तथा कार्यक्रम सञ्चालन गर्न आबश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गरिनेछ ।<br>३) यस स्थानीय तहको योजना प्रक्रियामा बालमैत्री स्थानीय शासनको सूचक प्राप्तीमा सहयोग गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा (**Children First**) सञ्चालन गरिने छ ।<br>४) तालिम, गोष्ठी, अवलोकन , भ्रमण एवम् अनुभव आदान प्रदान तथा अध्ययन, अनुसन्धान जस्ता क्रियाकलापको माध्यमबाट बालबालिका तथा बालमैत्री स्थानीय शासनसंग सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।<br>५) वडा तथा उप-महानगरपालिकामा विज्ञ, स्रोत व्याक्ति एवम् प्रशिक्षकहरुको सूची तयार तथा परिचालन गरिनेछ ।<br>६) राष्ट्रिय तथा स्थानीय भाषाहरुमा प्रशिक्षण सामाग्री तयार गरिनेछ<br>७) वडा र उप-महानगरपालिकामा क्रमशःबालमैत्री स्थानीय शासन ईकाई र स्रोत केन्द्र स्थापना गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ । | • बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• नगरस्तरिय बालअधिकार समिति<br>• बालमैत्री स्थानीय शासन नगरस्तरिय समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था |
| ५ | सहकार्य र साझेदारी प्रवर्द्धन | १) बालअधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास साझेदारसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याईनेछ ।<br>२) बालामैत्री स्थानीय शासनको सन्दर्भका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम सम्वन्धीत वडा तथा उप-महानगरपालिकाको नेतृत्वमा कार्यान्वयन गरिने छ ।<br>३) विभिन्न साझेदार निकायको सफल कार्य पद्धतिको अनुरण गरिनेछ । | • संङ्घिय मामिला तथा समान्य प्रशासन मन्त्रालय<br>• बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• उप-महानगरपालिका संग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• उप-महानगरपालिका<br>• नगरस्तरयि बालअधिकार समिति |

| | | | |
|---|---|---|---|
| | | | • विकास साझेदारहरु |
| ६ | समुदाय परिचालन | १) बालअधिकारको विषयलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समुदाय स्तरमा समुह निर्माण तथा परिचालन गरिनेछ ।<br>२) समुदाय स्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चाललन गरिनेछ ।<br>३) बालअधिकारको क्षेत्रमा अभियनमुलक कार्यक्रम सञ्चालनका लागि समुदाय स्तरका संस्था,क्लव तथा समुहलाई परिचालन गरिने छ ।<br>४) सामाजिक सचेतना तथा समाजिक कुरिती तथा अन्धविश्वासका विरुद्धमा हुने अभियानमुलक कार्यक्रममा बालमैत्री स्थानीय शासनका विषयलाई समावेश गरिनेछ । | • उप-महानगरपालिका र विषयगत शाखा<br>• नगरस्तरिय बालअधिकार समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था |
| ७ | सामाजिक जवाफदेहिता र पारदर्शिता | १) प्रदेश तथा स्थानीय तहलाई बालबालिकाको लागि योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।<br>२) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरिने तथा विनियोजित बजेटको लेखाजोखा गर्ने संयन्त्र निर्माण गरिनेछ ।<br>३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधि तथा आचारसंहिता तर्जुमा र कार्यान्वयन गरी सार्वजनिक जवाफदेहिता पुरा गरिनेछ ।<br>४) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित कार्यक्रम तथा परिचालन हुने स्रोतको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ ।<br>५) बालमैत्री स्थानीय शासनको प्रभावकारीताका सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परीक्षण, नमुना तथ्यांक संकलन, विभिन्न विषयगत शाखाको सेवा प्रवाह तथ्यांक विश्लेषण ईत्यादी जस्ता विधिहरुको अवलम्बन गरिनेछ । | • प्रदेशका विषय मन्त्रालय<br>• उप-महानगरपालिका<br>• नगरस्तरिय बालअधिकार समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था |
| ८ | समतामुलक | १) सवै वर्ग,क्षेत्र, लिङ्ग, र समुदायका साथै | • बालबालिका संग |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | अशक्त, असहाय, अपाङ्गता भएका बालबालिकाको आवश्यकता सम्बोधन हुने गरी विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।<br><br>२) बालमैत्री स्थानीय शासनका संरचनामा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टीले पछाडि परेका समुदायका बालबालिकाको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ । | सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• उप-महानगरपालिका<br>• नगरस्तरिय बालअधिकार समिति<br>• विकास साझेदारहरु |
| ९ | सुचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन | १) बालमैत्री स्थानीय शासनको अवधारण अनुसार बालबालिका प्रति समान धारणा बनाउन र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलतामा सहयोग पुऱ्याउने श्रव्य-दृष्य सामग्री उत्पादन एवम् प्रचार प्रसार गरिनेछ ।<br>२)विद्यालयस्तरको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराईनेछ ।<br>३) बालमैत्री स्थानीय शासनको अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल जस्ता प्रिन्ट तथा ईलेक्ट्रोनिक सञ्चार माध्यमहरुको उपयोग गरिनेछ ।<br>४) बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरुको वेवसाईटमा बालमैत्री स्थानीय शासनका उपयोगी सामाग्री राखी प्रचार प्रसार गरिनेछ । | • संङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सामाजिक विकास मन्त्रालय<br>• उप-महानगरपालिका<br>• नगरस्तरिय बालअधिकार समिति<br>• उप-महानगरपालिकाको शिक्षा र सूचना शाखा |
| १० | अनुगमन तथा मुल्याङ्कन | १) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता र नजिता अनुगमन गरिनेछ ।<br>२) सम्वन्धीत वडा तथा यस उप-महानगरपालिकाबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरि सहभागितामुलक अनुगमन गरिने छ ।<br>३) सरकारी तथा गैरसरकारी निकायबाट सम्पादित कामको अनुगमन तथा मुल्याङ्कन गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समेत समावेश गर्ने व्यवस्था मिलाईनेछ ।<br>४) बालमैत्री स्थानीय शासनको क्षेत्रमा उत्कृष्ट काम गर्ने बाल क्लव, सामुदायिक संस्था, | • संङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय<br>• बालबालिका संग सम्बन्धीत प्रादेशिक मन्त्रालय<br>• उप- महानगरपालिका<br>• स्थानीय बालअधिकार समिति<br>• विकास साझेदारहरु<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था<br>• स्वतन्त्र पेशागत समूह |

| | | | |
|---|---|---|---|
| | | महिला विकास समुह,महिला विकास समिति, टोल विकास संस्था, बालक्लव सञ्जाल वडा, उप-महानगरपालिका,विकास साझेदार संस्था र व्याक्तिलाई सम्वन्धित वडा तथा उप-महानगरपालिकाबाट प्रोत्साहनन तथा पुरस्कृत गरिनेछ । | |

द्रष्टव्य : यस उप-महानगरपालिकाले स्थानीय आबश्यकता अनुसार उल्लिखित रणनीतिक ढाँचाको कार्यान्वयनको लागि कार्यनीति तय गर्न सक्नेछ ।

## अनुसूची २
## बालमैत्री स्थानीय शासन संग सम्बन्धित निकायहरुको भूमिका
## (दफा १३ संग सम्बन्धित)

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वय गर्ने सन्दर्भमा यस निर्देशिकासंग प्रत्येक्ष सम्बन्धित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह र यी अन्तर्गतका निकायहरुको भूमिका देहाय बमोजिम हुनेछ ।

**क) सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको भूमिका**

१) बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने ,

२) प्रदेश तथा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारण लागू गर्न सहयोग, समन्वय र सहजीकरण गर्ने,

३) स्थानीय तहको बार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गराउन प्रोत्साहित गर्ने,

४) स्थानीय तहको वार्षिक योजनमा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गराउन प्रोत्साहित गर्ने,

४) स्थानीय तहको योजना प्रक्रियामा बालबालिकाका सवालहरुलाई समावेश गराउन सहयोग गर्ने,

५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मुल्याङ्कन गर्ने, गराउने ,

६) प्रदेश/स्थानीय तहलाई प्राविधिक सहयोग र पुष्ठपोषण उपलब्ध गराउने ।

ख) स्थानीय तहको प्रदेश सम्पर्क मन्त्रालयको भूमिका

१) बालमैत्री स्थानीय शासन सम्बन्धी प्रदेशस्तरीय नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमा गर्ने।

२) प्रदेशस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,

३) स्थानीय तहको बार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्सहित गर्ने,

४) प्रदेश तथा स्थानीय तहको योजना प्रक्रियामा बालबालिकाका सवालहरुलाई समावेश गराउने र बालमैत्री स्थाननीय शसनका विषहरुलाई प्रदेश तथा स्थानीय तहको अनुगमन सुचकमा समावेश गर्ने,

५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको प्रदेशबाट अनुगमन र मुल्याङ्कन गर्ने, गराउने,

६) बालमैत्री स्थानीय शासन सम्बन्धमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

७) बालमैत्री स्थानीय शासनका क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्था वा निकायको कार्यक्रमको समन्वय र सहजीकरण गर्ने ।

८) अवश्यकता अनुसार स्थानीय तहलाई सहजीकरण र पृष्ठपोषण उपलब्ध गराउने ।

९) प्रदेश स्तरका विषयगत मन्त्रालयहरु र निकायहरुलाई बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा परिचालन गर्ने,

१०) बालमैत्री स्थानीय तह घोषणाको लागि स्वीकृत दिने ।

ग) सामाजिक विकास मन्त्रालयको भूमिका

१) प्रदेश तहको आवधिक तथा वार्षिक योजना र क्षेत्रगत योजनामा बालमैत्री स्थानीय शासनको अवधारणालाई सहयोग पुग्ने क्रियाकलाप समावेश गर्न समन्वय तथा पहल गर्ने,

२)बालअधिकारको विषयलाई अन्तरसम्बन्धित विषयको रुपमा कार्यान्वयन गर्ने, गराउने ,

३) प्रदेश कानून तथा स्थानीय तहसँग सम्बन्धित कानून तर्जुमा एवम् परिमार्जन गर्दा बालअधिकार सम्बन्धी विषयलाई ध्यान दिने,

४) बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनको लागि प्रदेश मातहतका निकायहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,

५) प्रदेश तथा स्थानीय तहबाट निर्माण हुने भौतिक पूर्वधारकाहरु बालमैत्री बनाउन आबश्यक निति एवम् मार्गदर्शन गर्न समन्वय गर्ने,

६) बालमैत्री स्थानीय शासन सम्बन्धमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

घ) जिल्ला समन्वय समितिको भूमिका

१) स्थानीय स्तरका सरोकारवालसंग समन्वय र साझेदारी विकास गरि बालमैत्री स्थानीय शासन सञ्चालनमा गाउँ/नगरपालिकालाई सहयोग गर्ने,

२) बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन  गर्ने,गराउने,

३) बालमैत्री स्थानीय तह घोषणाको  लागि स्थलगत अनुगमन गरी प्रदेशको स्थानीय तहको सम्पर्क मन्त्रालयमा प्रतिवेदन दिने,

४) बालमेत्री स्थानीय शासनको आवधिक समीक्षा गरि कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु समाधानमा गाउँ/नगरपालिकालाई सहयोग गर्ने,

ङ) गाउँपालिका/नगरपालिकाको भूमिका

१) बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय नीति तर्जुमा गर्ने

२) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिलाई वार्षिक एवम् आवधिक योजनामा समावेश गर्ने,

३) वडा समितिको प्रतिबद्धता, गरिबी नक्साङ्कन, बालक्लवहरु गठन तथा क्रियाशिल जस्ता विषयलाई आधार मानि बालमैत्री वडा घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि योजना अनुसार योजना तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने,

५) सरकारी तथा गैरसरकारी निकायबाट स्थानीय तहमा सञ्चालन हुने बालमैत्री स्थनीय शासन सम्बन्धी कार्यक्रमहरु समन्वयात्मक ढंगबाट सञ्चालन गर्ने गराउने,

६) आवश्यकता अनुसार बालसञ्जाल तथा बालक्लव/समुह गठन, विकास र परिचालन गर्ने,

७) बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समिक्षा गर्ने, बालक्लव/समुह तथा सञ्जालहरुलाई सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने,

८) स्थानीय तहको पूर्वधार तथा सामाजिक विकासका संरचना र सेवा प्रवाहलाई बालमैत्री वनाउन नितिगत व्यवस्था मिलाउने ।

९) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि संस्थागत प्रबन्ध गर्ने,

१०) बालमैत्री स्थानीय तह घोषणाका लागि सुचक अनुसार तथ्याङ्क अद्यावधिक र प्रमाणिकरण गर्ने,
११) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने,
१२) वडालाई बालमैत्री वडा घोषणा गर्न आवश्यक सहयोग, समन्वय, अनुगमन र स्वीकृति प्रदान गर्ने,
१३) बालमैत्री स्थानीय तह घोषणाको प्रतिवेदन सङ्घीय सरकार तथा प्रदेश सरकारको सम्बन्धित सम्पर्क मन्त्रालयमा पठाउने,
१४) बालमैत्री वडा/स्थानीय तह घोषणा पश्चात सोको दिगोपनको सुनिश्चित हुने गरी क्रियाकलापहरु सञ्चालन गर्ने ।
च) गाउँ/नगर र वडा समितिको भूमिका
१) गाउँ/नगरपालिकाबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु लागू गर्ने,
२) बालमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलापहरु तयार गरी गाउँ/नगरपालिकामा पेश गर्ने,
३) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आवश्यकता अनुसार सम्पर्क व्याक्ति तोक्ने,
४) सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन हुने बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु समन्वयात्मक ढंगबाट सञ्चालन गर्ने गराउने,
५)वडामा सञ्चालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,
६) बाल क्लव/समुह तथा सञ्जालहरुको विकासमा सहयोग पुऱ्याउने,
७) वडामा हुने विकास निर्माण तथा सेवा प्रवाहलाई बालमैत्री बनाउने ।
८) बाल क्लव/समुह तथा सञ्जालहरुलाई आफ्नो वडामा सुचिकृत गरि तथ्याङ्क अद्यावधिक गर्ने,
९) बालमैत्री वडा घोषणाको लागि हुने अनुगमनमा सहयोग गर्ने ,
१०) बालमैत्री वडा घोषण पश्चात सोको दिगोपनाको सुनिश्चितता हुने गरि क्रियाकलापहरु सञ्चलन गर्ने ।
छ) बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरुको भूमिका
१) बालमैत्री स्थाननिय शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग गर्ने,
२) बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमतामा विकास गर्ने,
३)नेपाल सरकारको निति वमोजिम स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ,
४) बालमैत्री स्थानीय शसन प्रवर्द्धनको लागि स्रोतको परिचालन गर्न सहयोग गर्ने ।

अनुसूची ३
बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरु
(दफा २१ संग सम्बन्धीत)

| क.सं. | सुचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| क) | **बालबचाउ** | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पुर्व चार पटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ जाचँ गराएका हुनेछन् । | | ९५ % |
| २ | गर्भवती महिलाले टिटानस विरुद्दको २ वटा खोप लगाएका हुनेछन् । | | ९५ % |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की - जम्मा २२५ वटा) खाएका हुनेछन् । | | ९५ % |
| ४ | दस्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | | ८० % |
| ५ | ६ महिना सम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तानपान गराएका हुनेछन् । | | ८० % |
| ६ | ६ महिनाको देखि ५ बर्ष मुनिका सवै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनेछ । | | १०० % |
| ७ | खोप तालिका अनुसार प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेको सवै र पुर्ण खोप प्राप्त गरि पुर्ण खोप युक्त घोषणा भएको हुनेछ । | | १०० % |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सवै बालबालिकाले ब्च्ख एचयउजथबष्हष्क पाएका हुनेछन् । | | १०० % |
| ९ | सवै घर परिवारले आयोडिन युक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १०० % |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । | | ८० % |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | | १०० % |
| १२ | सवै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १०० % |
| १३ | चर्पि गएपछि, बालबालिकाको दिशा धोएपछि र खाना खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १०० % |
| १४ | प्रत्येक घर परिवारले शैचालयको प्रयोग भएको तथा | | १०० % |

| | | | |
|---|---|---|---|
| | खुला दिशा मुक्त घोषणा भएको हुनेछ । | | |
| ख) | **बालसंरक्षण** | | |
| १५ | ५ वर्ष मुनिका सवै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १०० % |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | | १०० % |
| १७ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १०० % |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान(विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, बेवस्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | ८० % |
| १९ | सामुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | | १०० % |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | ९५ % |
| २१ | स्थानीय तह/ समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्ने विशेष व्यवस्था गरेको हुनेछन् । | | १०० % |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ । (सडक बालबालिका भएमा बालगृहमा राखि व्यवस्थापन भएको हुने) | | १०० % |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक याताना दिने छैनन् । | | १०० % |
| २४ | कुलतमा लागेका बालबालिकाका लागि बालसुधार तथा पुर्नस्थपना केन्द्रमा राख्ने व्यवस्था मिलाएको हुनेछ । | | १०० % |
| **ग)** | **बाल विकास** | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सवै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । | | १०० % |
| २६ | ५ देखि १४ वर्ष उमेरका सत प्रतिशत बालबालिका आधारभुत शिक्षा - कक्षा १ देखि ८ सम्म) पुरा गरेका हुनेछन् । | | १०० % |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | | १०० % |
| २८ | सबै बिद्यालयमा पुर्वधार (कक्षा कोठा फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १०० % |

| | | | |
|---|---|---|---|
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछन् । | | १०० % |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । | | १०० % |
| **घ)** | **बाल सहभागिता** | | |
| ३१ | स्थानीय तहमा समावेशीका आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम् बार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | | ९५ % |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशीका आधारमा बालक्लव गठन भई क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | | ९५ % |
| ३३ | ५ कक्षा भन्दा माथी अध्ययन अध्यापन हुने विद्यालयका व्यावस्थापन समितीमा बालक्लवको प्रतिनिधित्व रहने छ । | | १०० % |
| ३४ | स्वस्थ व्यवस्थापन समितिमा बालक्लव सञ्जालको प्रतिनिधित्व रहनेछ । | | १०० % |
| ३५ | स्थानिय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितीहरुमा १२ देखि १८ वर्षका बालबालिकाहरुको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | ९० % |
| ३६ | बालभेलामा माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | | १०० % |
| **ङ )** | **संस्थागत** | | |
| ३७ | वडा/गाउँ /नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितीहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | | १०० % |
| ३८ | स्थानीय तहले आफ्नो लागि बालमैत्री आचार संहिता र निति नियम तर्जुमा गरि कार्यान्वयनमा ल्याएका हुनेछन् । | | १०० % |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | | ८० % |
| ४० | बालबालिकाको बस्तुगत विवरण (प्रोफाईल) आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । | | १०० % |
| ४१ | स्थानीय तहको योजना तर्जुमा भई पुर्व बार्षिक रुपमा वडा र गाउँ/नगरका तहमा बालभेला आयोजना | | १०० % |

| | | | |
|---|---|---|---|
| | गरि बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेस गरिएको हुनेछ । | | |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १०० % |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्डहरु पुरा गरेका हुनेछन् । | | १०० % |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, बातावरण मैत्री र विपत व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | १०० % |
| ४५ | आधारभुत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जिवन उपयोगी शिक्षा (व्यवसायिक तथा सिपमुलक तालिम) प्राप्त गरेका हुनेछन् । | | ८० % |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ । | | १०० % |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक सस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १०० % |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १०० % |
| ४९ | वसपार्क, सिनेमा हल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री तथा अपाशौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | | १०० % |
| ५० | स्थानीय तहको विपत व्यवस्थापन योजनामा विपद् समयमा बालबालिकाको आबश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | | १०० % |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १०० % |